निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

निर्वाचन आयोग नेपाल २०२२

मिति : २०७८/०३/२३

## प्रेस विज्ञप्ति

### अभिमुखीकरण कार्यक्रम सम्पन्न सम्बन्धमा ।

निर्वाचन आयोगमा राजनीतिक दलका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुसँग निर्वाचन व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम आज मिति २०७८।३।२३ गते सम्पन्न भएको छ । यस कार्यक्रममा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४७ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई आमन्त्रण गरिएकोमा नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, विवेकशील साझा पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाली जनता दल र नेपाल परिवार दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा निर्वाचन संचालन तथा व्यवस्थापन, राजनीतिक दल, आचार संहिता र राजनीतिक दलको भूमिका, लैङ्गिक तथा समावेशी नीति र समावेशी व्यवस्थापन लगायतका विषयमा अन्तरक्रिया भएको थियो । कार्यक्रमको उद्घाटन गर्नु हुँदै माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले संविधान र निर्वाचन सम्बन्धी कानूनमा भएको व्यवस्था अनुसार समावेशी प्रतिनिधित्व हुनुपर्ने कुरामा प्रकाश पार्नु हुँदै यसमा राजनीतिक दल अझ बढी जिम्मेवार हुनुपर्ने कुरामा जोड दिनुभयो । नेपालको संविधानले समानुपातिक समावेशी तथा सहभागितामूलक सिद्धान्तमा आधारित राज्य व्यवस्थाको परिकल्पना गरेको सन्दर्भमा राजनीतिक दलको संगठन संरचना र प्रतिनिधित्व पनि सोही बमोजिम व्यवस्थित हुनुपर्ने तर्फ ध्यानाकर्षण गराउँदै वहाँले यस कार्यक्रमले निर्वाचन आयोग र राजनीतिक दलको सम्बन्धलाई जीवन्त बनाउनका लागि थप सहयोग पुर्‍याउने बताउनु भयो । माननीय निर्वाचन आयुक्त डा.श्री जानकी कुमारी तुलाधरले अध्यक्षता गर्नु भएको उक्त कार्यक्रममा आयोगका सचिव सुरेश अधिकारीले स्वागत मन्तब्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रममा आयोगका माननीय आयुक्तज्यूहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

०७८।३।२३

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np